जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ६३ २०७७ साल असोज १४ गते बुधबार (30 Sep. 2020 Wednesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मुटुरोगीलाई कोरोना ... ३ पृष्ठमा : आन्तरिक उडान बढ्नेः ... ३ पृष्ठमा : सन् २०२० मा चीनको ...

# करोडौं रकम खर्च गरिएको सकडमा वर्षाको पानी जम्दा पोखरीमा परिणत

**दैनिक समाचारदाता**
**राजविराज, १३ असोज ।**

राजविराज नगरपालिका वडा नं. ८ मा वर्षाको पानीको निकास नहुँदा वर्षौदेखी स्थानियहरुले सास्ती व्यहोर्नु परेको छ ।

सो वडास्थित हिमालय टोलका बासिन्दाहरु सडकमै वर्षाको पानी जम्दा पनि आवतजावत गर्न बाध्य छन् । मंगलबार केही बेर वर्षा भएपछि पानी जमेर सडक पोखरीमै परिणत भएको दृश्य देखिएको छ । यो दृश्य मंगलबारको मात्र नभएर जहिले वर्षा हुन्छ, यस्तो दृश्य हेर्न सकिन्छ । यता सामान्य वर्षामा पनि दुई तिन फिटसम्म बाटोमै पानी जम्ने र त्यो सुक्न एक साता बढी समय लाग्ने गरेको छ ।



मंगलबार केही बेर वर्षा भएपछि पानी जमेर सडक पोखरीमै परिणत भएको दृश्य । *तस्बिर : राजविराज दैनिक*

पानीको निकास नभएपछि वर्षाको पानी सडकहुँदै घर घरमा पस्ने र चर्को घाम लागेपछि मात्र सुक्ने गरेको छ । हावाहुरीको समयमा धुलो उड्ने र वर्षामा पानी सडकमै जम्ने गरेको यो सडक विगत ४० वर्षदेखी ४ सय मिटर लम्बाई बाटो कायम रहेको छ । यस सडक खण्डमा हालसम्म वडा कार्यालयले कुनै ठोस काम समेत गर्न नसकेको स्थानियको आरोप छ ।

स्थानिय जनप्रतिनिधि आएको तीन वर्ष बितिसक्दा समेत यस सडकखण्डको स्तरोन्तरीको कुनै ठोस काम हुनसकेको छैन् । स्थानियहरु बाटोका लागि जग्गा नछोडी घर बनाउँदै गर्दा बाटो साँघुरो समेत हुँदै गएको छ । साघुँरो बाटो भएपछि अहिले सो सडकबाट कुनै ठूलो सवारीसाधन

*बाँकी दुई पृष्ठमा*

# एथलेटिक्सका पूर्व प्रशिक्षक साहको निधन



**दैनिक समाचारदाता**
**राजविराज, १३ असोज ।**

राजविराज ४ निवासी एथलेटिक्सका पूर्व प्रशिक्षक रमेश प्रसाद साहको सोमबार उपचारका क्रममा निधन भएको छ ।

साहलाई उपचारका लागि बिराटनगर हुँदै काठमाडौंको भैसेपाटीस्थित मेडिसिटी

*बाँकी तीन पृष्ठमा*

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**सगरमाथा अञ्चलको एक मात्र**
**ओभरसियरी क्याम्पस**
**( CTEVT बाट मान्यता प्राप्त )**

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**
**(३ बर्षे)**

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
**फारम भर्ने अन्तिम मिति** : २०७७ असोज १४ गते सम्म ।

**सम्पर्क :**
**सफटेक इन्जिनियरिङ्ग कलेज**
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५२०८३९, मो.नं. ९८०४७०१४२१, ९८२४७२०३९८

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।
**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

हाम्रा बिशेषताहरु –
- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७७/५/३० गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७७/६/१९

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit · WESTERN UNION MONEY TRANSFER · Best Remit · PRABHU Money Transfer · CITY EXPRESS · IME International Money Express · IME pay · himal remit हिमालरेमिट · CG Money · MoneyGram money transfer

## सम्पादकीय ....

# काम गरेर देखाऊ !

राजविराज नगरपालिकाको अधिकांश सडकहरु अहिले मर्मत सम्भारको पखाईमा रहेका छन् । मुलुककै पुरानो नगरपालिका मध्ये एक यस नगरपालिकामा भएका सडहरु भत्केर गए भने बाँकी रहेकाको अस्तित्व संकटमा परेको छ । जिर्ण र साँघुरो हुँदै गएको सडकहरुको अवस्था अहिले अत्यन्त दयनिय छ । अधिकांश वडाका सडकहरु नालाबिहिन रहेका छन् । ढल तथा नालाको व्यवस्था नहुँदा ती सडकहरुबाट वर्षामा हिड्ने लायकको हुँदैन् ।

जनप्रतिनिधी नहुँदाको समयमा सडकप्रति कुनै चासो नलिएका वडा सचिवहरु अहिले जनप्रतिनिधि आउँदा उनीहरु पनि सडक निर्माणको काम वडा स्तरिय नराखेर टेन्डर प्रक्रियामा राखेर आफु पन्छिने गरेका छन् । वडा स्तरिय बजेटमा तालिम, गोष्ठी, लगायत जनचेतनामूलक कार्यक्रमलगायत राखेर बजेट कुम्ल्याउने गरेका छन् । अहिले कोरोना महामारीको नाममा उनीहरुको रजाई नै भएको छ । माहामारीको नाममा मास्क, सेनिटाइजर, ग्लोब्स, साबुनलगायत बाड्ने सामाग्रि खरीद जनतालाई बितरण गरेको बिल भरपाई बनाउन ब्यस्त छन् ।

तसर्थ जनतालाई चाहिने अत्यावश्यक सेवाहरु जनप्रतिनिधिले दिन सकिरहेका छैनन् । उनीहरु आफ्नै सुरतालमा काम गरिरहेको हुँदा आगामी दिनहरुमा जनताको सेवालाई ख्याल गरि जिम्मेवार भएर जनता माँझ प्रस्तुत हुनपर्ने आवश्यक छ ।

# मुटुरोगीलाई कोरोना संक्रमणबाट बच्न विज्ञको सुझाव

चितवन, १३ असोज (रासस) ।

कोरोना सङ्क्रमणको आक्रमण दीर्घरोगीलाई बढी हुने गरेको छ । यसमध्येको मुटुरोगको समस्या भएकामा रोगको सङ्क्रमण हुने गरेको विज्ञहरूले जनाएका छन् ।

कोरोना सङ्क्रमणबाट मृत्यु हुनेमा बढी सङ्ख्यामा रोगप्रतिरोधी क्षमता कम भएका र दीर्घरोगी रहेका छन् । उच्च रक्तचाप, मधुमेह, मोटोपनजस्ता समस्या भएकामा मुटुरोगको उच्च जोखिम हुने गर्दछ । चितवन मेडिकल कलेजका मुटुरोग विशेषज्ञ डा सुधीर रेग्मीले मुटु रोगका समस्या भएकाहरू कोरोना सङ्क्रमणको जोखिममा रहेको बताउनुभयो । उहाँका अनुसार कोरोनाले मुटुको मासु, रगतको नलि र मुटुलाई ढाक्ने झिल्लिमा आक्रमण गर्दछ । जसबाट हृदयघातसमेत हुने गरेको उहाँको भनाइ छ ।

रगतको नलिमा रगत जमेर हुने पल्मोनरी इम्बोलिजम पनि हुने गरेको रेग्मीले बताउनुभयो । जसले गर्दा श्वाँश्वाँ हुने, बेहोस् हुने, श्वास फेर्न गाह्रो हुने गर्दछ । कोरोनाकै कारण मुटुमा अनेक समस्या देखिने गरेको उहाँले जानकारी दिनुभयो । दीर्घरोगीहरू सङ्क्रमण हुनबाट अधिकतम बच्नुपर्ने रेग्मीको सुझाव छ ।

भरतपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा राजन पाण्डेले पहिले पहिले दीर्घरोगीहरू र पाको उमेर भएकालाई मुटुको समस्या हुने गरेको भए पनि आजभोलि कम उमेरकालाई पनि यो समस्या देखिने गरेको बताउनुभयो । वरिष्ठ फिजिसियनसमेत रहनुभएका पाण्डेले भन्नुभयो, "दीर्घरोगीलाई मुटुको समस्या बढी हुने गरेकोमा पछिल्लो समय युवा पुस्तामा पनि यो समस्या देखिएको छ ।"

खानपान, जीवनशैलीमा परिवर्तन आएसँगै मानिसमा सानो उमेरमै मुटुको रोग देखिन थालेको पाण्डेको भनाइ छ । जुनसुकै उमेर समूहको भए पनि मुटुरोगीहरू कोरोनाको सङ्क्रमणबाट बच्नुपर्ने उहाँको सुझाव छ । सञ्चालनको तयारीमा रहेको चितवन मुटु अस्पतालका मुटुरोग विशेषज्ञ डा शङ्कर लौडारीले कोरोना सङ्क्रमितमध्ये १० देखि १२ प्रतिशत मुटुरोगी भएको बताउनुभयो । सङ्क्रमितमध्ये सबैभन्दा धेरै फोक्सोका रोगी हुने गरेको बताउँदै उहाँले दोस्रोमा मुटुरोगी रहेको जानकारी दिनुभयो ।

कोरोना सङ्क्रमणले उमेर बढी भएका वृद्धवृद्धा, उच्च रक्तचाप भएका, मधुमेहका समस्या भएका, मिर्गौलाका समस्या देखिएका, क्यान्सर रोगका र मोटोपना ज्यादा भएकामा समस्या हुनेहरूको उहाँको बुझाइ छ । यस्ता रोगीमा अन्यको तुलनामा ५ देखि १० गुणा बढी कोरोना सङ्क्रमणको जोखिम हुने गरेको लौडारीको भनाइ छ ।

विलासी जीवन, धूमपान, सूर्ती सेवन, उच्चरक्तचाप, मधुमेह, खानामा बोसोमाको मात्रा अत्यधिक प्रयोगले मुटुरोग निम्त्याउने गर्दछ । उहाँका अनुसार विश्वमा दुई तिहाई मुटुरोगका रोगी यिनै कारणबाट हुने गर्दछ । जीवनशैलीमा परिवर्तन गर्न सक्ने हो भने दुई तिहाइ मुटुरोगबाट बच्न सकिने उहाँको तर्क छ ।

मुटुरोगले कुनै पनि उमेर समूहलाई असर पार्न सक्ने भन्दै उहाँले भन्नुभयो, "जन्मेको नवजात शिशुदेखि लिएर बुढापाकासम्मलाई मुटुरोगले प्रभावित पार्ने गर्दछ ।" मुटुरोगका पनि विभिन्न प्रकृति भएको बताउँदै डा लौडारीले जन्मजात मुटुमा हुने स-साना प्वाल, मुटुमा रगत बग्ने भाग साघुरो हुने रोग, मुटुमा पानी जम्ने, हृदयघाटजस्ता समस्या हुने जानकारी दिनुभयो ।

भरतपुर अस्पतालका सिनियर कन्सल्टचान्ट फिजिसियन डा मणि गौतमले यन्त्रिक कामले मानिसको शारीरिक क्रियाकलाप घटदा मुटुरोग बढेको बताउनुभयो । अहिले मृत्युको प्रमुख कारण मुटुसम्बन्धी रोग भएको बताउँदै उहाँले भन्नुभयो, "मधुमेह, उच्चरक्तचाप, मोटोपनाको अन्तिम विन्दु भनेको मुटुमा गएर असर गर्ने हो ।" मिर्गौला रोगी पनि अन्तिममा गएर मुटुरोग हुने बताउँदै उहाँले भन्नुभयो, "शारीरिक क्रियालकप बढाउने, मोटोपन घटाउने, उच्च रक्तचापलाई नियन्त्रणमा राख्ने र मधुमेहलाई उपचार गर्ने र कोल्डस्टोरलाई नियन्त्रणमा राख्नु पर्‍यो र मुटुरोगबाट बचन सकिन्छ ।" खासगरी मुटुरोगीले फलफूल, मौसमी हरियो तरकारी, रेसादार खानेकुरा खानुपर्ने उहाँको सुझाव छ । खानेकुरा एकै पटक टन्न हुने गरी नखाई थोरै गर्दै समय समयमा खानुपर्ने उहाँको भनाइ छ ।

विश्व स्वास्थ्य सङ्गठनले सन् २०३० सम्ममा विश्वभर मुटु रोगबाट ज्यान गुमाउनेको सङ्ख्या वर्सेनि दुई करोड ५० लाख पुग्ने अनुमान गरेको छ । विश्व मुटु महासङ्घका अनुसार मुटुको रोगबाट विश्वभर वर्सेनि एक करोड ७५ लाख जनाको ज्यान जाने गरेको छ ।

यस्तै, नेपाललगायत विकासोन्मुख देशमा हृदयघात भएर मर्नेको सङ्ख्या ३५ प्रतिशतभन्दा बढी पुग्ने अनुमान गरिएको छ । नेपालमा ७५ लाख मुटुरोगी रहेको अनुमान छ । यो कूल जनसङ्ख्याको २५ प्रतिशत हुन आउँछ ।

मंगलबार विश्व मुटु दिवस । 'मन लगाउ, मुटु बचाउ' भन्ने नाराका साथ मनाइँदै छ । विश्व हृदय महासङ्घ र विश्व स्वास्थ्य सङ्गठनले सन् १९९९ देखि सेप्टेम्बर २९ तारिखमा यो दिवस मनाउने घोषणा गरेपछि मनाउन थालिएको हो ।

## करोडौं रकम ...

चल्न सकिरहेको छैन् । घर निर्माणदेखी विभिन्न ठूला यातायातका साधनहरु यस सडक खण्डबाट आवतजावत गर्न नसक्दा ढुवानी खर्च समेत बढ्ने गरेको छ ।

विगतमा जनप्रतिनिधि नहुँदा नगरपालिकाकै कर्मचारी वडा सचिव भएर काम गर्दा यस सडक खण्डमा ठोस काम हुन सकेन् । मात्र ग्राभेल र माटोको काम देखाउँदै बजेट कुम्ल्याएको देखिन्छ । यस सडक खण्डमा विगत चार दशकदेखी करोडौ रकम निकासा भइसकेको नगरपालिकाको विभिन्न आर्थिक वर्षको बिल भरपाईबाट पुष्टि हुनजान्छ ।

यता जिर्ण रहेको यस सडक खण्ड नवनिर्माणका लागि गत आ.ब.को सघन सहरी विकास डिभिजन कार्यालयले ठेन्डर गरिसकेको वडा अध्यक्ष जयनारायण मण्डलको दाबी छ ।

उनले पानी जम्ने समस्याको समाधानका लागि आफूले पहल गरेको बताउँदै ठोस समाधानका लागि नयाँ सडक र नाला निर्माण नै विकल्प रहेको उल्लेख गरे । जबसम्म बाटो र नाला बन्दैन तबसम्म कुनै पनि अस्थायी पहल काम नलाग्ने उनको भनाई छ ।

बाटो निर्माणका लागि गत वर्ष वडा कार्यालयले ६ मिटरको सडक फराकिलो बनाउन सूचना टाँस गरेपनि हालसम्म कुनै कार्य भौतिक रुपमा अगाडी बढ्न सकेको छैन् ।


महुली सामुदायिक विकास केन्द्र (MCDC) सप्तरी

**सप्तरी जिल्लाको सामाजिक परिवर्तनका लागि खानेपानी, सरसफाइ स्वच्छता तथा सुशासन सवलिकरण परियोजना ( NPL 1060-18)**

परियोजना कार्यालय, राजविराज,सप्तरी

**सहकारी छनौटका लागि आशय पत्र/ प्रस्तावना आव्हवान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति:२०७७/०६/१४गते

BMZ/VCA/WHH को आर्थिक सहयोगमा महुली सामुदायिक विकास केन्दद्वारा सप्तरी जिल्लामा सञ्चालित वास ( WASH) परियोजना अर्न्तगत खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी आनीबानी परिवर्तन तथा सुविधाहरुको सहज पहुँच तथा दिगोपनाका लागि स्थानिय रुपमा संचालन गर्न सकिने साना तथा मझौला प्रकारका लघु उद्यम/व्यावसायको विकास तथा प्रवर्द्धनका लागि परियोजना संचालित क्षेत्रहरु क्रमशः **राजगढ गा.पा, विष्णुपूर गा.पा. तथा डाक्नेश्वरी नगरपालिकामा** रहेर वचत तथा ऋण परिचालन सम्बन्धी अनुभव भएका सहकारी संस्थाहरुबाट घुम्ती कोषको स्थापना, व्यवस्थापन तथा सञ्चालनका लागि परियोजनाले निर्दिष्ट गरेका क्षेत्रमा सह-लगानी गर्ने/गराउने मनसायले यस क्षेत्रका इच्छुक सहकारी संस्थाहरुबाट आवेदन माग गरिएको छ । यस प्रकृयामा सामेल हुन इच्छुक माथि उल्लेखित पालिका/नगरपालिका भित्र नेपाल सरकारको नियम अनुसार दर्ता भई क्रियाशिल सहकारी संस्थाहरुले परियोजनाले निर्दिष्ट गरेको ढाँचामा तपसिल अनुसारका कागजात सहित प्रस्ताव पत्र पेश गर्न सक्नेछन्।

**आवेदक सहकारी संस्थाले पेश गर्नु पर्ने कागजातहरु तथा योग्यता निम्न अनुसार हुनु पर्ने छ ।**

१.सहकारी संस्थाको विधानकको प्रतिलिपी १ थान

२.आव २०७५/०७६ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपी १ थान

३.सहकारी संस्थाको कार्य क्षेत्र खुल्ने बारेको सहकारी डिभिजन कार्यालय, कृषि विकास कार्यालय वा स्थानिय पालिकामा दर्ता, नविकरण तथा आवद्धताको प्रमाण पत्रको प्रतिलिपिः सबै काजजातको १/१ प्रतिलिपी

४.परियोजना संग जोड कोषमा लागत साझेदारी गर्न इच्छुक भएको बारे प्रस्तावना पेश गर्ने सम्बन्धी कार्य समितिको माइन्यूटको प्रतिलिपि : १ थान

५.संस्था स्थापना भई ३ वर्ष भन्दा बढीको वचत तथा ऋण परिचालनमा सहभागी भएको हुनु पर्ने र सोका लागी अघिल्ला ३ वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी १ थान पेश गर्ने ।

६. समुदायमा रहेका सिमान्तकृत , दलित, न्यून आय भएका, महिला वर्गमा उद्यमशिलता विकासका लागि परियोजना सँग सहकार्य गर्न र न्यूनतम सहुलयत व्याजमा रकम लगानी गर्ने बारेको प्रतिवद्धता पत्र : यस्तो पत्रमा तपसिल अनुसारको विवरण उल्लेख गरिएको हुनु पर्ने छ :-

- हाल तोकिएको व्याजदरमा पछि नबढ्ने गरि सहकारीको लगानीमा असुल गरिने न्यूनतम व्याज प्रतिशत।
- सह-लगानीको सहकारी संस्थाको तर्फबाट अधिकतम लगानी गर्न सक्ने बारेको प्रतिवद्धता।
- नयाँ व्यक्तिले सहकारी संस्थाको सदस्य बन्दा लाग्ने समय, प्रक्रिया र लाग्ने रकम ।
- सँस्थाबाट उपलब्ध गराइने पुँजी रकमको दिगो व्यवस्थापन, संचालन र रेखदेखमा अवलम्बन गरिने प्रकृया ।
- लगानीबाट प्राप्त व्याजमा सहकारीले व्यवस्थापन खर्च बापत लिने रकम र जोडकोषमा उपलब्ध गराउने रकमको प्रतिशत ।
- संस्थामा आवद्ध भई उद्यम तथा व्यसाय गर्ने व्यक्तिहरुको क्षमता विकास, शक्तिकरण र उत्पादित सेवा, वस्तु वा सामाग्रीको व्यवस्थापन वा बजारीकरणमा सहकारी संस्थाले पुर्‍याउने सहयोग ।

नोट : माथि उल्लेखित विवरणहरु नखुल्ने, अध्यावधिक कागजात पेश नगरेका र नगरपालिका तथा उपभोक्ता बीचमा विवादित छवि बनाएका सहकारी संस्थालाई संस्थाले छनौट प्रकृयामा सामेल गराउन बाध्यकारी हुने छैन । सो का लागि सम्बन्धीत सहकारीले आफू कार्यरत नगरपालिकाबाट यस प्रक्रियामा समावेश हुन कुनै अफठ्यारो नभएको आशय झल्कने NO Objection Letter पेश गर्न सक्ने छ वा आवश्यक परेमा संस्थाले कुनै पनि सहकारी संस्थाको बारे स्थानीय तहसँग थप छलफल गर्न वा लिखित रुपमा राय माग गर्न सक्ने छ ।

आशयपत्र प्रस्ताव दर्ता गर्ने अन्तिम मिति:२०७७/०६/२३ गते शुक्रवार ५ बजे सम्मको रहने छ । प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट दर्ता गर्ने समय प्रदान गरिने छ । प्रस्तावनाको ढाँचा यस परियोजना कार्यालयबाट उपलब्ध हुनेछ । प्रस्ताव स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार परियोजना अर्न्तगतको छनौट समितिमा निहित हुनेछ ।

**महुली सामुदायिक विकास केन्द्र MCDC**
**परियोजना, कार्यालय**
**राजविराज न.पा.-८,कन्चनपुर रोड ,सप्तरी**
**फोन : ०३१-५२०२०८**



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८



**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



**डा. दिनेश उप्रेती**

**Dr. Dinesh Upreti**

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

**कन्सलटेन्ट फिजिसियन**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



**डा. पारसमणि शाह**

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

**दुखाई विशेषज्ञ**

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# आन्तरिक उडान बढ्ने: ९० प्रतिशत बढी अकुपेन्सी

काठमाडौँ, १३ असोज (रासस) ।

कोभिड-१९ महामारीबीच स्वास्थ्य सुरक्षा सतर्कता अपनाएर असोज ५ देखि सञ्चालनमा आएको मुलुकको आन्तरिक उडानमा ९० प्रतिशतभन्दा बढी अकुपेन्सी रहेको छ ।

महामारीबाट सुरक्षित रहन स्वास्थ्य प्रोटोकल पालना गरी आन्तरिक उडानका वायुसेवा प्रदायक कम्पनीले सेवा सञ्चालन गरिरहेका हुन् । नजिकिएको दशैं, तिहार, छठलगायत चाडपर्वलाई लक्षित गर्दै हवाई कम्पनीले उडान सङ्ख्या पनि थप्दैछन् ।

उडानको पहिलो साता उत्साहवर्द्धक रहेको कम्पनीले उल्लेख गरेका छन् । तुलनात्मक रूपमा हवाई सेवा महामारीबाट सुरक्षित र चाँडो हुने भएकाले पनि यात्रुको आकर्षण बढेको हो । सरकारले असोज ५ गतेदेखि आन्तरिक उडान सञ्चालन गर्ने निर्णय गरेको थियो । शुरुआती चरणमा सातादिनसम्म सामान्य अवस्थाको उडानको तुलनामा १५ प्रतिशत मात्रै उडान गर्न पाउने गरी नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले अनुमति दिएको थियो । आगामी अक्टोबर १ तारिखदेखि आन्तरिक उडान सङ्ख्या बढाउने प्राधिकरणले तयारी गरेको छ । भदौ १६ देखि सञ्चालनमा आएको मुलुकको अन्तरराष्ट्रिय उडान सङ्ख्या थप गर्ने निर्णय यसअघि नै भइसकेको छ ।

लनस्आन्तरिक उडान सञ्चालन गरिरहेका ठूला वायुसेवा कम्पनी बुद्ध एयर, यती एयरलाइन्स, श्रीएयरलाइन्सलगायत उडान अकुपेन्सी उत्साहवर्द्धक छ । सातादिनको अवधिमा ९० प्रतिशतभन्दा बढी अकुपेन्सी रहेको कम्पनीले उल्लेख गरेका छन् । चाडपर्वलाई लक्षित गर्दै हवाई कम्पनीले उडान सङ्ख्या बढाउन प्राधिकरणसमक्ष उडान अनुमतिका लागि निवेदन दिएका छन् । प्राधिकरणले पनि हवाई व्यवसायीको मागबमोजिम उडान सङ्ख्या बढाउने निष्कर्षमा पुगेको छ ।

प्राधिकरणका उपमहानिर्देशक राजकुमार क्षेत्रीले आन्तरिक उडानको सङ्ख्या बढाउने प्राधिकरणले निर्णय गरिसकेको जानकारी दिनुभयो । यद्यपि, कुन एयरलाइन्सलाई कति उडान सङ्ख्या दिने भन्ने मंगलबार साँझसम्म निर्णय हुने उहाँको भनाइ छ । सीमित सङ्ख्याको उडानमा पनि आन्तरिक वायुसेवा कम्पनीले सबै गन्तव्यमा उडान सेवा सञ्चालन गरिरहेका छन् । बुद्ध एयरले शुरुमा राजविराजबाहेक सबै गन्तव्यमा उडान गर्दै आएकामा अहिले राजविराजसहित सबै गन्तव्यमा उडान सञ्चालन गरिएको जनाएको छ ।

बुद्धले अहिले दैनिक २२ उडान गरिरहेको छ । कम्पनीले आगमन र प्रस्थान गरी ४४ उडान भर्दै आएको छ । अहिले भारतको बनारसबाहेक सबै गन्तव्यमा उडान गरिरहेका कम्पनीले जनाएको छ । सातामा १५ हजारभन्दा बढी यात्रुलाई सेवा दिएको पनि कम्पनीले उल्लेख गरेको छ । बुद्धले सामान्य अवस्थामा दैनिक १०० उडान गर्ने गरेको थियो । कम्पनीले १३ गन्तव्यमा आन्तरिक उडान भर्दै आएको छ ।

यस्तै प्रतिस्पर्धी यती एयरलाइन्सले पनि आफ्ना सबै आठ गन्तव्यमा उडान सञ्चालन गरिरहेको र ९० प्रतिशतभन्दा बढी अकुपेन्सी रहेको जनाएको छ । यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले शुरुआती चरणमा ९० प्रतिशतभन्दा बढी अकुपेन्सी रहेको बताउनुभयो । महामारीबाट जोखिन सुरक्षित र सुलभ यात्र हुने भएकाले पनि यात्रुको आकर्षण बढेको उहाँले उल्लेख गर्नुभयो ।

यतीले अहिले दैनिक दुईतर्फी ३८ उडान गरिरहेको छ । कम्पनीले सामान्य अवस्थामा दुईतफी ८० वटासम्म उडान गर्ने गरेको थियो । उहाँका अनुसार नजिकिएको चाडपर्व र यात्रुको मागबमोजिम उडान सङ्ख्या बढाउन नियमित उडान अनुमतिका लागि प्राधिकरणसँग माग गरिएको छ । उडान पनि स्वीकृत भइसकेको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## *एथलेटिक्सका ...*

अस्पतालमा भर्ना गरिएको थियो । उपचारकै क्रममा सोमबार साँझ उनको मृत्यु भएको हो ।

६० वर्षिय साहको ब्रेन एट्याकका कारण मृत्यु भएको सो अस्पतालले जनाएको छ । २०५२ साल असोज १ गतेदेखी प्रशिक्षक पदमा जागिरे जिवन सुरु गरेका उनी २०७५ कार्तिक २ गते सेवा निवृत भएका थिए । उनी एथलेटिक्स संघ सप्तरीका पूर्वसचिव समेत हुन् ।

यसैबीच मंगलबार जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख दिनेश भुजेल, खेलकुद पत्रकार मञ्चका अध्यक्ष मनोज कुमार माझी, पूर्व अन्तराष्ट्रिय खेलाडी श्रीलाल देव, प्रशिक्षक प्रशिक्षण विभागका प्रमुख राजकुमार परियारसहित खेलाडी प्रशिक्षक, समाजसेवी लगायतले खेलकुद विकास समितिको झण्डा ओढाएर उनलाई अन्तिम श्रद्धाञ्जली दिएका थिए ।

एथलेटिक्स संघ सप्तरीका अध्यक्ष देवकान्त चौधरी, प्रशिक्षक प्रकाश मल्ल, रमेश श्रेष्ठ, उमेश प्रधान, संजय जोशी, सिताराम चौधरी, उमेश गुरुङ तथा खेलाडीहरुका साथै ठूलो संख्यामा उपस्थिति सर्वसाधारणले स्व. साहलाई अन्तिम श्रद्धाञ्जली दिएका थिए ।

शव सप्तकोशी किनारमा पुऱ्याएपछि स्व. साहका जेठा छोरा विकासले पार्थिव शरीरमा दागबत्ति दिएका थिए । उनका पत्नि, दुई छोरा र एक छोरी छन् ।

यता साहको निधनप्रति जिल्ला खेलकुद विकास समिति र खेलकुद पत्रकार मञ्चले दुःख व्यक्त गर्दै उनको आत्माको चिरशान्तिको कामना तथा शोकाकुल परिवारप्रति हार्दिक समवेदना प्रकट गरेको छ ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


नेपाल सरकार
भूमिव्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय, सप्तरी

भूमिसुधार कार्यालय, सप्तरीबाट जारी भएको जि.स. साबिक न.पा./गा.बि.स. ............ राजविराज ...... वडा नं. ३ ... हाल गा.पा. न.पा. ...... राजविराज ............
वडा नं. ४ ... बस्ने ... राजेश्वर प्रसाद देव ............ को
छोरा। पत्नी ... मुलचन्द प्रसाद देव ............ को नाममा इतलायनामा

उप्रान्त जिल्ला ... सप्तरी ...... साबिक न.पा./गा.बि.स. ... फरसैठ ........ वडा नं. ... ६ ..
हाल गा.पा.। न.पा. ... राजविराज ....... वडा नं. ... ११ ... बस्ने ... राम नारायण यादव ... ले
न.पा./गा.बि.स. ... फरसैठ ............ वडा नं. ... ६ ख ... कि.नं. ... ४४ ......
क्षेत्रफल ... ०-४-१ ... मध्ये ... ५० ...... तर्फ जग्गा भूमि सम्बन्धी ऐन २०२१ (छैठौं संसोधन २०७२) र भूमी सम्बन्धी नियम २०२१ (सोही संसोधन २०७३) बमोजिम मोहीयानी भाग/जग्गा धनि भाग बापत पाउने जग्गा छुट्याइ मेरो नाममा दा.खा. हुने गरी पाउ भनि दरखास्त दर्ता हुन आएबाट तपाईको नाममा यो इतलायनामा जारी गरी पठाएको छ । तपाईले पाएको घर वा घर दैलामा टाँस भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र आफ्नो भएको लिखित ब्यहोरा कानून बमोजिम आफ्नो प्रमाण समेत लिई अड्डा खुल्ने समयमा यस अड्डामा हाजीर हुन आफै आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी पठाउनु होला । सो म्यादा भित्र लिखित जवाफ लिई आफू पनि आउनु भएन, वारेस वा कानून व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम एकतर्फि प्रमाण बुझि समितिको तर्फबाट जग्गाछुट्याई दिने गरि निर्णय हुनेछ । पछि तपाईको उजुर लाग्ने छैन ।
इति सम्बत २०७६ साल ६ महिना १३ गते ...... रोज ...... शुभम् ............

# लकडाउन अवधीको जरिवाना लिएको भन्दै बिद्युत प्राधिकरणलाई ध्यानाकर्षण




दैनिक समाचारदाता
बिरगंज, १३ असोज ।

विद्युत प्राधिकरण पर्साले लकडाउन अवधि भरको बिल महसुलको जरिवाना लिएको भन्दै गिरिजा प्रसाद कोईराला फाउण्डेशन पर्साले विद्युत प्राधिकरण तथा वितरण केन्द्र पर्सामा मंगलबार विरोध जनाउदैं ज्ञापन पत्र बुझाएको छ ।

लकडाउन अवधिभरको जरिवाना लिएको भन्दै स्व. गिरिजा प्रसाद कोईराला फाउण्डेशन पर्साका अध्यक्ष मोहम्मद सहाबुदिनको अध्यक्षतामा फाउण्डेशन पर्साले नेपाल विद्युत प्राधिकरण पर्साका प्रमुख शम्भु कुसियैत यादवलाई ज्ञापन पत्र बुझाएका हुन ।

कोरोना महामारीको बेला भौतिक दुरी कायम गरी सम्पुर्ण कामकाज गर्न नेपाल सरकारले अह्वान गरे पनि नेपाल विद्युत प्राधिकरण पर्सा वितरण केन्द्रले हाल सम्म यस रोगको कारण देखाई आफ्नो पुरानो लयमा फर्कन नसकेकोले पर्सेली जनतालाई यसको ठुलै मार खेप्नु परेको अध्यक्ष मोहम्मद सहाबुदिनले विधुत प्राधिकरण प्रमुख यादवको ध्यानाकर्षण गराए ।

विद्युत प्राधिरणको कारण आम नेपाली नागरिकलाई सास्ती मात्र खेप्नु परेको भन्दै यथाशिघ्र यस्ता कार्यमा सुधार ल्याउन अध्यक्ष सहाबुदिनले आग्रह गर्दै सुधार नल्याए कानुनी प्रकृयामा जाने भन्दै फाउण्डेशनका सचिव धिरज प्रसाद गुप्ताले चेतावनी दिए ।

ज्ञापन पत्र कार्यक्रममा फाउण्डेशनको सह सचिव मिन्टु देवि सिंह, कोषाध्यक्ष मनोहर साह, सदस्य प्रिति सहि, जितेन्द्र सिंह, विपि कोईराला युवा नेतृत्व विकास मञ्च पर्साका अध्यक्ष हरिन्द्र प्रसाद यादव, दिपेश श्रीवास्तव, कृष्ण ओझा, महेश पौडेल, सन्तोष कुमार गुप्ता, शेख नेजामुदिन, दिनानाथ प्रसाद गुप्ता, पप्पु सिंह, सुदिप कुमार केवट, जितेन्द्र ठाकुर, पप्पु बैठा, संजय पटेल, अशोक बैठा, कर्ण पटेल, लालबाबु साह लगायतको उपस्थिति रहेको थियो ।

# मोटरसाइकलसहित १९ किलो गाँजा बरामद

दैनिक समाचारदाता
सिरहा, १३ असोज ।

सिरहाको सुखीपुरबाट सशस्त्र प्रहरीले मंगलबार ठूलो परिमाणमा लागुऔषध गाँजासहित मोटरसाइकल बरामद गरेको छ ।

सशस्त्र प्रहरी बेश क्याम्प सुखीपुरबाट खटिएको प्रहरी टोलीले सुखीपुर नगरपालिका-४ कविलासीबाट १९ किलो गाँजासहित मोटरसाइकल बरामद गरेको हो ।

गस्तीमा खटिएको सशस्त्र प्रहरीको टोलीलाई देखेपछि मोटरसाइकल र प्लाष्टिकको बोरा छाडेर भागेपछि शङ्का लागेर बोरा जाँच गर्दा गाँजा बरामद भएको सशस्त्र प्रहरी बेश क्याम्प सुखीपुरका प्रहरी निरीक्षक विदेशराज मगरले जानकारी दिएका छन् ।

तस्करले प्रयोग गरेको को२९प १४८७नंको मोटरसाइकलसमेत बरामद भएको उहाँले बताउनुभयो । बरामद गाँजा र मोटरसाइकल आवश्यक कारवाहीका लागि नेपाल प्रहरीलाई बुझाइएको उनको भनाइ छ ।

## आन्तरिक उडान ...

यतीले अहिले विराटनगर, पोखरा र भरतपुरमा समान दुई तथा अन्य गन्तव्यमा एक-एक उडान गरिरहेको छ । यतीको भगिनी संस्था तारा एयरले दुर्गम क्षेत्रमा यात्रु तथा कार्गो उडान गरिरहेको छ ।

श्री एयरलाइन्सका संस्थागत प्रबन्धक अनिल मानन्धरले कम्पनीको उडान उत्साहजन रहेको र उडान सङ्ख्या बढाउने अन्तिम प्रक्रियामा रहेको जानकारी दिनुभयो ।


## निर्माण सामाग्री खरिदका लागि बोलपत्र आह्वान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति: २०७७/०६/१३

बोलपत्र नं ०१/२०७७/०७८

महुली सामुदायिक विकास केन्द्र (MCDC) वि.सं २०५१ सालमा सप्तरी जिल्लामा स्थापना भएको मुनाफा रहित गैर सरकारी संस्था हो । स्थापना काल देखि नै यस संस्थाले विभिन्न सामाजिक क्षेत्रमा सक्रिय रुपमा कार्य गर्दै आएको सर्वविदित नै छ । हाल MCDC ले BMZ/VCA/WHH को साझेदारीमा Strengthening Municipality-wide WASH Governance for Social Change in Saptari District NPL/1060-18 Province-2 मा सञ्चालन गर्दै आईरहेको छ र सोही परियोजना अनुसार ३ वटा पालिकाको सवै वडाहरुमा समुदायमा खानेपानी सुविधा निर्माणका लागि सामाग्रीहरुको आवश्यक भएकाले तल उल्लेखित शर्तमा रही सामाग्री आपूर्ति गर्न इच्छुक आपूर्तिकर्ता (थोक तथा खुद्रा) विक्रेताहरुवाट न्यून मूल्यमा तोकिएको गुणस्तर र मापदण्डका सामाग्रीहरु खरिद गरिने प्रावधान अनुसार लाहाछाप शिलबन्दी दरभाउ आह्वानको लागि ७ दिनको सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. शिलबन्दी दरखास्त पेश गर्ने आपूर्तिकर्ता सँग कम्तीमा सम्वन्धित सामाग्री आपूर्ति गर्ने कार्यमा अनुभव भएको हुनु पर्नेछ । एक आपूर्ति कर्ताले तल उल्लेखित सबै सामाग्री वा कम्तिमा कुनै एक क्षेत्रको लागि आवश्यक पर्ने सामाग्रीको उपलव्धताको लागि बोलपत्र पेश गर्न सक्नेछ ।

**निर्माण सामाग्री विवरण:**

| क्र सं | सामाग्री विवरण | परिमाण | एकाई | कैफियत |
|---|---|---|---|---|
| १. | सिमेन्ट (ओ.पी. सी) | ४१२ | वोरा/व्याग | |
| २. | स्क्याटिङ्ग पाउडर (किरमिची) | २३ | व्याग | |
| ३. | बेन्टोनाईट पाउडर | ९२ | व्याग | |
| ४. | ईट्टा (१ नं) | ४८५८२ | पीस | |
| ५. | टुक्रा ईट्टा (३ नं) | २५५३० | पीस | |
| ६. | बालुवा | १०० | घ. मि. | |
| ७. | गिट्टी | ४९ | घ. मि. | |

२. निर्माण कार्यको लागि आवश्यक सामाग्रीहरु योजना निर्माण स्थल: डाक्नेश्वरी न.पा, विष्णुपुर गा.पा, र राजगढ गा.पा) मा उपलब्ध गराउनु पर्नेछ ।

३. इच्छुक आपूर्तिकर्ताले आफूले ईच्छाएको क्षेत्रमा सेवा दिनको लागि निम्न कागजात सहित बोलपत्र पेश गर्नुपर्नेछ । आवश्यक कागजात पेश नभएको वा विवरण स्पष्ट नभएको बोलपत्रलाई छनौट प्रक्रियामा समावेश गरिनेछैन ।

- संस्थाले उपलब्ध गराएको कोटेशन फाराममा माग भए अनुसारको विवरणमा केरमेट नगरिएको हस्त लिखित वा कम्प्यूटर प्रिन्टबाट तयार गरिएको बोलपत्र ।
- बोलपत्रमा उल्लेखित सामाग्रीहरुको रकममा लाग्ने Tax/ VAT को रकम
- निर्माण स्थलसम्म सामाग्री उपलब्ध गराउनु पर्ने भएकाले उक्त प्रस्तावित दर रेटमा थप ढुवानी खर्च लाग्ने वा नलाग्ने वारे स्पष्ट उल्लेख भएको हुनुपर्ने । लाग्ने भएमा रकम उल्लेख गर्नुपर्ने ।
- बोलपत्रमा फर्म/व्यवसाय/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिबृद्धि करको प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी (आ.व २०७५/०७६ को कर नविरकण)_अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । यदि फर्म नविकरण गर्नुपर्ने प्रकृतिको भए नविकरण पत्रको प्रतिलिपी समेत समावेश हुनु पर्नेछ ।
- ईमेल मार्फत कोटेशन पेश गर्नु हुने फर्मले आफ्नो फाईललाई सुरक्षित पासवर्ड राखी पठाउनु पर्नेछ । बोल पत्र दाताले पासवर्ड दरभाउ पत्र खोल्ने दिन संस्थाले तोकेको आधिकारिक कर्मचारी वा खरिद समितिको पदाधिकारीलाई मात्र गोप्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।
- खामबन्दी बोलपत्रमा लाहाछाप सहित सफा नच्यातिएको खाममा बाहिर पटि प्रेषकको नाम, ठेगाना, सम्पर्क नं वा ईमेल ठेगाना उल्लेख गरिएको हुनु पर्नेछ । खाममा सम्पर्क नं वा ईमेल ठेगाना नभएको विवरणलाई छनौट प्रक्रियामा छनौट गर्न सकिने छैन ।

४. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था र सरकारी कार्यालय लगायत अन्य संघ संस्थाहरुमा सेवा प्रदान गर्दै आईरहेको तथा आफ्नो व्यवसायमा वालबालिकाहरुको प्रयोग नगरेको तथा वाल सुरक्षा नीति अवलम्वन गरेको हुनु पर्नेछ ।

५. शिलबन्दी दरखास्तको लागि MCDC को वेवसाईटमा गई तल उल्लेखित ईमेलवाट फाराम माग गर्न सकिनेछ वा बोलपत्र दाताले परियोजना कार्यालयवाट उपलब्ध गराउन सकिनेछ । कागजात पेश गर्ने समयावधि मिति २०७७/०६/१४ देखि २०७७/०६/१९ गते मंगलवार बेलुकी ५ बजे सम्म रहनेछ । तोकिएको समयावधि पश्चात प्राप्त शिलबन्दी दरखास्त स्वत: बदर ठहरिनेछ । कोटेशन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट दर्ता गर्ने समय प्रदान गरिनेछ ।

६. प्रथम पटक प्रकाशित सूचना अनुसार प्राप्त बोलपत्र हरुलाई सूचना प्रकाशित मितिले ९ औं दिन दिउँसो १ बजे संस्थाको खरिद समिति, संस्थाको पदाधिकारी तथा आमन्त्रित सदस्य लगायत बोलपत्र पेषक वा दाखिला गर्ने प्रतिनिधिहरुको रोहवरमा Online मार्फत खोलिनेछ । सो बारे सम्वन्धित ईच्छुक सेवा प्रदायकहरुलाई ईमेल वा फोन मार्फत २४ घण्टा अगाडि जानकारी गराइनेछ । तर कुनै पनि बोलपत्र दाताको प्रतिनिधि उपस्थिति हुन नसक्ने भनी जानकारी भएमा बोलपत्र खोल्न बाध्य पर्ने छैन ।

७. यस शिलबन्दी बोलपत्र सम्वन्धि विस्तृत विवरण प्राप्त गर्नका लागि कार्यालय समय भित्र संस्थाको सम्वन्धित परियोजना कार्यलयमा सम्पर्क राख्न सकिनेछ र दरभाउको फाराम संस्थावाट उपलव्ध गर्न सकिनेछ ।

**विस्तृत जानकारीको लागि तथा प्रस्तावना पेश गर्नका लागि सम्पर्क ठेगाना**

महुली सामुदायिक विकास केन्द्र (MCDC)
परियोजना कार्यालय, राजविराज सप्तरी(कन्चनपुर रोड)
सम्पर्क नं :०३१-५२०२०८
Email-ID: mcdc.wash@gmail.com, mcdc.silverjubilee@gmail.com


# सर्लाहीका सोह्र क्रसर उद्योग बन्द

सर्लाही, १३ असोज (रासस) ।

जिल्लामा गैरकानूनी रूपमा सञ्चालनमा आएका क्रसर उद्योग अनिश्चितकालका लागि बन्द गरिएका छन् ।

वातावरण तथा विपद् व्यवस्थापन शाखाको मापदण्डअनुसार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड- २०७७ विपरीत सञ्चालन भएका जिल्लाका क्रसर उद्योग बन्द गर्न निर्देशन दिइएको जिल्ला प्रहरी कार्यालयका प्रमुख एंव प्रहरी उपरीक्षक सन्तोषसिंह राठौरले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "जिल्ला प्रशासन कार्यालयबाट मापदण्ड पुगेको प्रमाणित भएपछि स्थालगत अनुगमन गरी सञ्चालन गर्न दिने तर अहिले अनिश्चितकालका लागि जिल्लाका हाल सञ्चालनमा रहेका आठ वटा र बन्द अवस्थामा रहेका तर सञ्चालनको तयारी गरिरहेका आठ वटा गरी १६ वटैलाई बन्द गरेका छौं ।"

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड-२०७७ अनुसार बस्ती, मुख्य सडक मार्ग, विद्यालय, स्वास्थ्य संस्था, क्षेत्र, ठूला नदी, पुल, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान र वन क्षेत्रको ५०० मिटरदेखि दुई किलोमिटरभित्र नदीजन्य पदार्थ उत्खनन र सङ्कलन गर्न गराउने कुनै पनि कार्य गर्न नपाइने उल्लेख रहेको छ ।

मापदण्डविपरीत तथा नवीकरण नभएका जिल्लामा सञ्चालनमा रहेको १६ वटा क्रसर उद्योगका सञ्चालकलाई सोमबारदेखि बन्द गर्न कडा निर्देशन दिइएको प्रहरी प्रमुख राठौरले बताउनुभयो । क्रसर उद्योगमाथि विशेष निगरानी बढाइएको र क्रसर उद्योगको अनुगमन गर्दा मापदण्डविपरीत खोला, वनजङ्गल, बस्ती र विद्यालय नजिकसमेत सञ्चालनमा रहेको तथा ढुङ्गा, गिट्टी, बालुवालगायत नदीजन्य पदार्थको अनियन्त्रित दोहन रोक्नका लागि यो कडा कदम चालिएको जिल्ला समन्वय समिति सर्लाहीका सभापति अनुगमन मेथुर चौधरीले बताउनुभयो ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ( वातावरण तथा विपद् व्यवस्थापन शाखा) ले जारी गरेको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड विपरीत सर्लाहीमा सञ्चालन हुँदैआएका क्रसर उद्योगको कागजात मगाएर बैधानिकतावारे बुझ्ने तथा अनुगमन गरी गैर कानूनी नठहरिएमा सञ्चालन हुन दिने सर्लाहीका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले बताउनुभयो ।

जिल्लाको वाग्मती, लालबन्दी, ईश्वरपुर, हरिपुरलगायतका स्थानमा वडा अध्यक्षदेखि लिएर नगर प्रमुख, पूर्वमन्त्री, जिल्लाका टाठापाठाले मनोमानी रूपमा क्रसर सञ्चालन गरिरहेका छन् भने कतिपय स्थानीय निकायले सङ्घीय सरकारको मापदण्डविपरीत जिल्लामा बन्द रहेका क्रसर उद्योगहरूलाई लोभलालचमा परेर सञ्चालनको अनुमतिसमेत दिने तयारी गरेको पाइएको छ ।

जिल्लामा १६ वटा क्रसर उद्योग दर्ता भएको भएपनि हाल आठ वटा मात्र सञ्चालनमा छन । बाँकी आठ वटा बन्द अवस्थामा रहेको घरेलु तथा साना उद्योग कार्यालय सर्लाहीका प्रमुख जीतेन्द्र किशोर गुप्ताले बताउनुभयो ।

यसरी मापदण्डविपरीत सञ्चालनमा रहेका क्रसर उद्योगले जथाभावी नदीबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न गर्दा चुरेको अस्तित्व सङ्कटमा पर्नुको साथै रातारात चुरे विनाश भइरहेको छ ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np